बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

# बाँफिकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाँफिकोट (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

आ. ब.२०८१/०८२

**बाँफिकोट गाउँपालिका कार्यालय स्यार्पु तालमा माछा ठेक्का ब्यवस्थापन सम्बन्धी**

**(सूचना मिति २०८१।७।१३। शिलबन्दी बोलपत्र खरीद २०८१।७।२८ दिनको ४ वजे सम्म शिलबन्दी बोलपत्र पेशसमावेश २०८१।७।२९ दिनको १२ वजे भित्र र शिलबन्दी बोलपत्र खोलिने २०८१।७।२९ दिनको १ वजे बाँफिकोट गाउँपालिका कार्यालय)**

## बोलपत्र फाराम

ठेक्का नं= 02/NCB/BRM/INTERNAL INCOME 081-082

Fishing, Extraction and Supplying of Syarpu Tal Banphikot Rural Municipality ward no 3 /5

गणेश बि.क.
प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बाँफिकोट गाउँपालिका रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३

पत्र संख्या : ०८१/०८२ प्रशासन
चलानी नम्बर :

बाँफिकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

**बाँफिकोट गाउँपालिका कार्यालय स्यार्पु तालमा माछा ठेक्का ब्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना**

**पहिलो पटक प्रकाशित मिति २०८१/०७/१३।**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (घ) ५ मा स्थानीय स्तरको राजस्व विस्तार तथा प्रवर्द्धन सम्बन्धी अधिकार रहेको र सोही बमोजिम बाँफिकोट गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।६।१६ गतेको निर्णय बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि यस कार्यालयले तोकेको दर रेटको आधारमा वार्षिक न्यूनतम रकम बाट बढाबढ हुने गरी बाँफिकोट गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र बोलपत्र पत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्ममा नवीकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, वा स्थायी लेखा दर्ता प्रमाणपत्र, नियमानुसारको कर चुक्ता प्रमाणपत्र, नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको बोलपत्र पत्र आव्हान गरिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र बाँफिकोट गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ वा https://banphikotmun.gov.np/ मा हेर्न सकिनेछ ।

| ठेक्का नं | बोलपत्र पत्र को नाम | बार्षिक निकासी तथा विक्री परिमाण अनुमान (केजी मा) | न्यूनतम अङ्क (VAT बाहेक) | बोलपत्र पत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 02/NCB/BRM/INTERNAL INCOME/081-082 | Fishing, Extraction and Supplying of Syarpu Tal Banphikot Rural Municipality ward no 3 /5 | ९,०००/ | ६,००,०००/ | रु ३,०००/ | न्युनतम ३०००० । कबोल बढे अनुसार कबुल अंकको ५ प्रतिशत |

**बोलपत्र सम्बन्धी सर्तहरु**

१. बोलपत्र पत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन वा कार्यालयले तोकेको समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्रशासन शाखा बाट खरिद गर्न सकिने छ र फाराम दस्तुर लक्ष्मी सनराइज बैंक बाँफिकोट शाखाको आन्तरिक राजश्व खाता नम्बर ०९४०३०००११६ मा स्थानीय तह राजस्व पोर्टलबाट जेनेरेटेड सक्कल भौचर पेश गर्नु पर्नेछ। नियमानुसार दर्ता हुन आएका बोलपत्र पत्रहरु सूचनामा तोकेको दिनको १२:०० बजे भित्र बोलपत्र पत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा बोलपत्र पत्र दाताको रोहबरमा खोलिनेछ। बोलपत्र पत्र दाताहरु उपस्थित नभए पनि बोलपत्र पत्र खोल्न कुनै बाधा पर्ने छैन।

गणेश बि.क.
प्रशासकीय अधिकृत

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र पत्र फारामहरु बोलपत्र पत्र दाता स्वयं वा रित पूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।

३. बोलपत्र पत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर को प्रमाणपत्र तथा नियमानुसारको कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नुपर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बोलपत्र पत्र दस्तुर वापत नगद तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ।

४. बोलपत्र पत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको बाँफिकोट शाखाको लक्ष्मी सनराइज बैंकमा रहेको खाता नम्बर ०९४०३०००११६ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यताप्राप्त बैंकले यस कार्यालयको नाममा सोहि रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्नेछ।कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

५. यसपूर्व यस कार्यालयबाट कुनैपनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्र पत्र लाई मान्यता दिईने छैन। तर बोलपत्र पत्र पेश गर्नु भन्दा अगाबै फरफारक गरेमा बोलपत्र पत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउँकार्यपालिको निर्णय अन्तिम हुनेछ ।

७. ठेकेदारले संझौता पत्रमा तोकिएको परिमाणमा मात्र माछा संकलन गर्नुपर्नेछ ।

८. गाउँकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गरी प्रयोग गर्नुपर्ने छ।प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुबाट कुनै समस्या आइपरेमा गाउँकार्यपालि को कार्यालय जवाफदेही हुनेछैन ।

९. प्रचलित माछा समाउने प्रविधि र तरिका सम्बन्धमा माछा समाउने महाजाल स्थानीय काठको डुङ्गा र स्थानीय सामग्रीको डोरी प्रयोग गर्न पाइनेछ । अन्य सामग्री र प्रविधि बाँफिकोट गाउँपालिका कार्यालय पशु सेवा शाखा ले तोके अनुसार हुनेछ । कुनै पनि रसायन, विद्युतीय उपकरण प्रयोग गर्न सख्त निषेध गरिएको छ ।

१०. ठेकेदारले माछा बिक्री स्थल वा बिक्री कार्यमा बाँफिकोट गाउँपालिका कार्यालयबाट स्वीकृत दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र बिक्री गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन तथा बिक्री कार्य गराउनु पर्नेछ ।

११. बोलपत्र पत्र स्वीकृत भई सकेपछि बोलपत्र पत्र दाताले मान्यताप्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८२ असोज मसान्त सम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ। वा नगदै धरौटी खातामा रकम दाखिला गरी भौचर पेश गर्न सकिनेछ ।

१२. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद वा बैंक दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत रकमको किस्ता २०८१।११।३० भित्र दाखिला गर्नुपर्ने छ।

**सूचना मिति २०८१।७।१३। शिलबन्दी बोलपत्र खरीद २०८१।७।२८ दिनको ४ वजे सम्म शिलबन्दी बोलपत्र पेशसमावेश २०८१।७।२९ दिनको १२ वजे भित्र र शिलबन्दी बोलपत्र खोलिने २०८१।७।२९ दिनको १ वजे बाँफिकोट गाउँपालिका कार्यालय**

गणेश वि.क.

प्रमुख प्रशासकीय अधिकृत

गणेश वि.क.

प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बाँफिकोट गाउँपालिका रुकुम पश्चिम

कर्णाली प्रदेश नेपाल

२०७३

पत्र संख्या : ०८१/०८२ **प्रशासन**

चलानी नम्बर :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

बाँफिकोट गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय बाँफिकोट रुकुम पश्चिम

| क्र स | ठेक्का नं | ठेक्काको विवरण | बार्षिक निकासी तथा विक्री परिमाण (केजी मा) | न्यूनतम अङ्क (VAT बाहेक) | कबोल गरेको रकम रु- मू अ कर बाहेक | |
|---|---|---|---|---|---|---|
| | | | | | कबोल गरेको रकम अंकमा | कबोल गरेको रकम अक्षरमा |
| ! | 02/NCB/BRM/INTERNAL INCOME/081-082 | Fishing, Extraction and Supplying of Syarpu Tal Banphikot Rural Municipality ward no 3 /5 | ९,०००/ | रु ६,००,०००/ | | |
| | | | | 13% मु.अ.कर रु. | | |
| | | | | जम्मा रकम रु. | | |

यस बाँफिकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको मिति २०८१।७।१३ मा प्रकाशित **बाँफिकोट गाउँपालिका कार्यालय स्यार्पु तालमा माछा ठेक्का ब्यवस्थापन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूच**ना अनुसार गाउँपालिकाले तोकेको शर्तनामाको अधीनमा रही आफुले कबुल गरेको रकम यो शिलबन्दी दरभाउपत्र फाराममा पेश गरेको छू।

फर्मको नाम र ठेगाना :

बोलपत्र पत्र मा रहने दस्तखत:

मिति २०८१/ / /

**यो बोलपत्र पत्र फाराम**को साथ संलग्न गरेका कागजातहरु बोलपत्रपत्रदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिले भर्नुपर्ने

१.........................................................................................

२.........................................................................................

३.........................................................................................

४.........................................................................................

गणेश बि.क.

प्रमुख प्रशासकीय अधिकृत